# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
३ नं प्रदेश, नेपाल

## शिक्षा, युवा तथा खेलकुद शाखा

प.स.-२०७५/०७६ मितिः २०७६/०१/१२

च.नं २३५

**विषयः कक्षा ११ र १२ क अनुमति तथा विषय थप सम्बन्धमा ।**

श्री बूनपा अन्तरगतका सबै विद्यालयहरु ।

शैक्षिक सत्र २०७६ देखि कक्षा ११ र १२ को कक्षा थप तथा विषय थप गर्न चाहने विद्यालयहरुले तपसिलमा उल्लेख भए अनुसारका प्रकिया पुरा गरी यही २०७६ साल जेठ १५ गते भित्र नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ । सम्पूर्ण प्रमाण सहित तोकिएको मिति भित्र दर्ता नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

***तपसिल***

(क) कक्षा ११ र १२ का कक्षा थपका लागि विद्यालयले पेश गर्नु पर्ने कागजातहरु

१. सम्बन्धित वडाको सिफारिस पत्र
२. अघिल्लो आ.व.को कर चुक्ता गरेको प्रमाण पत्र (संस्थागत विद्यालयको हकमा)।
३. माग गरेको कक्षा भन्दा तल्लो कक्षा सञ्चालनको अनुमति पत्र ।
४. कम्पनी प्रबन्धपत्र/ शैक्षिक गुठीको विधान र विद्यालयको विनियमावली (संस्थागत विद्यालयको हकमा)।
५. जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्ष सम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा (सस्थागत विद्यालयको हकमा) ।
६. सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको निर्णय प्रतिलिपी ।
७. "सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित )" मा व्यवस्था भए अनुसारका प्रति विषय समुहका लागि कम्तीमा ५ जना सम्बन्धित विषयमा नै स्नातकोत्तर उतीर्ण गरेको शिक्षकको व्यवस्था गरी निजहरुको व्यक्तिगत विवरण सहितको फाइल ।
८. बुँदा नं. ७ अनुसारका शिक्षकहरुको कम्तीमा ३ वर्ष उक्त विद्यालयमा अध्यापन गर्ने कबुलियतनामा ।
९. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
१०. अघिल्लो शैक्षिक सत्रको SEE को Mark ledger को प्रतिलिपी ।



२०७६।१।१२
जगन्नाथ उपाध्याय
उपसचिव

नीलकण्ठ नगरपालिका
शिक्षा शाखा
३ नं. प्रदेश, नेपाल

११. प्रयोगशाला चाहिने र प्रयोगशाला अवश्यक नपर्ने विषयहरुका लागि माथि तोकिएका पूर्वाधार सहित सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्धेश्य पुरा गर्न अवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामगीहरुको उपलब्धता भएको देखिने कागजात ।

(ख) विषय थपका लागि अवश्यक कागजात

१. सम्बन्धित वडाको सिफारिस पत्र ।

२. अघिल्लो आ.व.को कर चुक्ता गरेको प्रमाण पत्र (संस्थागत विद्यालयको हकमा) ।

३. विषय थपका लागि सम्बन्धित कक्षा सञ्चालनको अनुमति पत्र ।

४. जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्ष सम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा (सस्थागत विद्यालयको हकमा) ।

५. सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको निर्णय प्रतिलिपी ।

६. सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) मा व्यवस्था भए अनुसारका प्रति विषय समुहका लागि कम्तीमा ५ जना सम्बन्धित विषयमा नै स्नातकोत्तर उतीर्ण गरेको शिक्षकको व्यवस्था गरी निजहरुको व्यक्तिगत विवरण सहितको फाइल ।

७. बुँदा नं. ६ अनुसारका शिक्षकहरुको कम्तीमा ३ वर्ष उक्त विद्यालयमा अध्यापन गर्ने कबुलियतनामा ।

८. अघिल्लो अ.व.को लेखा परीक्षण प्रतिवेदन ।

९. प्रयोगशाला चाहिने र प्रयोगशाला अवश्यक नपर्ने विषयहरुका लागि माथि तोकिएका पूर्वाधार सहित सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्धेश्य पुरा गर्न अवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामगीहरुको उपलब्धता भएको देखिने कागजात ।

१०. प्रस्तावित विद्यालय क्षेत्रको नक्सा, विद्यार्थी सँग लिने शुल्कको विवरण, सम्बन्धित तह कक्षा / विषय चलेका ३ विद्यालयको सहमति पत्र, विद्यालय सञ्चालन /विषय थप गर्न आवश्यक छ भनी विद्यालय रहने स्थानको चार किल्ला वरपर बस्ने घरधुरीको सर्जिमन ।

जगन्नाथ उपाध्याय
उपसचिव